# राष्ट्रिय मानव अधिकार आयोग

## पुल्चोक, ललितपुर

### मसलन्द/स्टेशनरी (कार्यालय सामान) खरिदका लागि सिलबन्दी दरभाउपत्र सम्वन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/९/१४**

यस आयोगको लागि आवश्यक मसलन्द/स्टेशनरी (कार्यालय सामान) सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु पर्ने भएकोले देहायका शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**दरभाउ सम्बन्धी विवरण**

| क.स | स्टेशनरी सामानको विवरण | आवश्यक संख्या | कैफियत |
|---|---|---|---|
| १ | मसलन्द/स्टेशनरी (कार्यालय सामानहरु) | संलग्न लिष्ट | |

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि २०८०/९/२८ गतेसम्म कार्यालय समयभित्र रु. १०००।- (फिर्ता नहुने गरी) को आम्दानी रसिद निवेदनसाथ संलग्न राखी दरभाउपत्रदाता वा निजको प्रतिनिधिले स्टोरबाट दरभाउपत्र खरिद गर्न सक्नेछन् । दरभाउपत्र खरिद गर्नको लागि निवेदकले आ.व. २०८०/०८१ का लागि नबिकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, भ्याट दर्ता प्रमाणपत्र, तथा आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी यस आयोगको नाममा दरभाउपत्र फारम खरिद गर्न पाउँ भन्ने निवेदन पेश गर्नु पर्नेछ । सो कागजातहरु पेश नगर्ने निवेदकले दरभाउपत्र खरिद गर्न पाउने छैन ।

२. दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित भएको मिति देखि मिति २०८०/९/२८ गतेसम्मको कार्यालय समयभित्र खरिद गरिसकी २०८०/९/२९ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । प्राप्त भएका दरभाउपत्रहरु २०८०/९/२९ गते दिनको २:०० बजे उपस्थित दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस आयोगमा खोलिनेछ । दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउपत्र साथ बोलपत्र जमानत वापतको रकम रु २७,०९०।- (अक्षेरेपी सत्ताइस हजार नब्बे रुपैया मात्र) कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नाममा नेपाल बैंक लि. गाबाहाल ललितपुरमा रहेको धरौटी खाता नं ०१८०२०००००००००३००००५१ मा दाखिला गरेको सक्कलै भौचर वा कम्तिमा ७५ दिन म्याद भएको (सिलवन्दी पत्र बुझाउने अन्तिम मितिदेखि) बैंक ग्यारेन्टि (विडवण्ड) पेश गर्नु पर्नेछ ।

४. सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोहि समयमा गरिनेछ ।

५. सामान सप्लाई सम्बन्धी कार्यमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात दरभाउपत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

६. दरभाउपत्रदाताले सप्लाई गर्ने सामानको स्पेशिफिकेशन दरभाउपत्रसाथ उपलब्ध गराइनेछ । साथै यस सम्बन्धमा अन्य विस्तृत जानकारीका लागि प्रशासन महाशाखामा कार्यालय समयभित्र (०१-५०१००१५ एक्टनसन नं. २०२ र १७६ मा) सम्पर्क गर्न सकिनेछ

७. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको दरभाउपत्र उपर कुनै कारवाहि हुनेछैन ।

८. स्वीकृत दरभाउपत्रदाताले आपूर्ति गर्ने सामानहरु स्वीकृत स्पेसिफिकेसन बमोजिम गुणस्तरयुक्त भए नभएको सम्बन्धमा प्राविधिकबाट जाँचबुझ गराएर स्वीकार गरिनेछ ।

९. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु सिलवन्दी दरभाउ फाराममा उल्लेख गरे बमोजिम हुनेछ । साथै दरभाउपत्र दाताले दरभाउपत्रको फाराम नं.९ मा सामानहरुको परिणाममा प्रति एकाई मुल्य अंक, र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नुका साथै जम्मा रकम समेत खुलाई सही/छाप गरी पेश गर्नुपर्नेछ ।

१०. प्रचलित ऐन नियम अनुसार लाग्ने सम्पूर्ण कर दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

११ .कनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकत गर्ने वा नगर्ने. सम्पर्ण अधिकार यस आयोगमा निहित रहने छ ।